आठवीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली,दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३(योजना शाखा)

चलानी नं. ३६२

मिति २०८२।०५।१६

श्री वडा कार्यालयहरु (१-९) सवै

आठवीस नगरपालिका, दैलेख

विषयः उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने सम्वन्धमा।

उपरोक्त सम्वन्धमा यस आठवीस नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आठवीस नगरपालिकाको कार्यालयवाट सम्झौता भई भुक्तानी हुने योजनाहरुको लागि उपभोक्ता समिति गठन र विद्यालय व्यवस्थापन समितिमार्फत कार्यान्वयन हुने योजनाहरुको विद्यालय व्यवस्थापन समितिवाट निर्माण सम्पन्न गर्ने निर्णय सहित मिति २०८२ मंसिर मसान्त भित्र सम्झौताको लागि कार्यालयमा देहायवमोजिमका कागजातहरु सहित निवेदन पेश गर्न हुन जानकारी गराइन्छ ।

<u>देहायः</u>

१. योजना खातामा उपभोक्ता समिति गठन सम्वन्धी आम भेला र उपभोक्ता समिति गठनको निर्णयको प्रतिलिपी- थान १

२. उपभोक्ता समितिमा वस्ने पदाधिकारीहरुको नेपाली नागरिकता प्रतिलिपी- थान १

३. वडा कार्यालयको सिफारिस पत्र- थान १

४. वि. व्य. स. वाट कार्यन्वयन हुने योजनाहरुको हकमा विद्यालयको सिफारिस पत्र- थान १

५. समितिका पदाधिकारीहरुले चालु आ.व. को मालपोत तिरेको रसिद थान- १

६. योजना कार्यन्वयनमा कुनै विवाद नभएको प्रतिवद्धता पत्र- थान १

७. सवै उपभोक्ता समिति/निर्माण समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य हुनुपर्नेछ।

नोटः उपभोक्ता समिति र विद्यालय व्यवस्थापन समितिवाट निर्माण सम्पन्न हुने योजनाहरुमा कार्यालयको अनुमति विना व्याक हो लोडर, एक्जाभेटर र लोडर प्रयोग गरेमा कार्यालय भुक्तानी दिन वाध्य हुने छैन। साथै प्रयोग भएका उल्लेखित मेसिनहरुलाई समेत कारवाहीको दायरमा ल्याएनेछ।

२०८२।०५।१६

विनोद कुमार माझी

प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार माझी

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री तर्क वहादुर वडुवाल, नगर प्रमुखः जानकारीको लागि।

श्री कल्पना कुमारी थापा, नगर उप प्रमुखः जानकारीको लागि।



CamScanner